सुनछहरी गाउँपालिका

# सुनछहरी गाउँपालिकाको निति तथा कार्यक्रम

## आ.व. ०७५/७६

# सुनछहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पोबाङ रोल्पा

## ५ नं प्रदेश, नेपाल

गाउँ सभा बाट पारित मिति :२०७५/०३/१०

*सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ , रोल्पा,५ नं प्रदेश नेपाल*
*कार्यालयको फोन नं. ९७५८५०३६५३Website:*www.sunchhaharimun.gov.np*Email* :sunchhaharimun@gmail.com

सुनछहरी गाँउपालिका

# सुनछहरी गाउँपालिका निति तथा कार्यक्रम
## आ.व. ०७५/७६

**सुनछहरी गाउँपालिकाको प्रथम सभाका अध्यक्ष तथा गाउँपालिका उपाध्यक्ष ज्यू**
**प्रमुख अतिथी,**
**विशिष्ट अतिथी ज्यू**
**उपस्थीत सम्पूर्ण अतिथीगण**
**गाउँसभाका सम्पूर्ण सदस्यहरु**
**पत्रकार, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण बुवा, आमा, दाजु-भाई, तथा दिदी बहिनीहरु**

सबैभन्दा पहिले जनयुद्धको क्रममा यस गाउँपालिकाबाट १८५ जना महान विर शहिद लगायत देशै भरीका विभिन्न समयमा सञ्चालित जनआन्दोलनका ज्ञात अज्ञात विर शहिदहरु प्रति भाव पूर्ण श्रद्धानजली अपर्ण गर्दछु । साथै घाईते अपाङ्गहरुको स्वास्थ्यलाभको कामना र वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान ब्यक्त गर्न चाहन्छु ।

***भुमिकाः-***

नेपाली राजनिति इतिहाँसमा विगत २००७ सालको राणा विरोधी बलिदान पूर्ण आन्दोलन पछि राजनिति सत्ता परिवर्तनको लागि २०२८, २०३६, २०४६, २०५२ र २०६२/६३ सालमा नेपाली जनताहरुले ठुला-ठुला वलिदान पूर्ण आन्दोलन गर्दै आएको सर्वविदितै छ । ति आन्दोलनहरु सामन्त, दलाल नोकर शाह, पुँजिवाद विरुद्ध शोषित पिडित जनताको आन्दोलन थियो । नेपाली जनताहरु पूर्ण अधिकार सहित नेपालको शासन सत्तामा नीति निर्माण तहमा आफै पुग्ने र जनपक्षिय शासन सत्ता सञ्चालन गर्ने उद्देश्य थियो । २०५२ साल फागुन १ गते देखि सञ्चालन भएको जनयुद्ध र त्यसको जगमा चलेको ०६२/०६३ को वलिदान पूर्ण आन्दोलनले नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्र, धर्मनिर्पेक्षता, समानुपातिक, समाबेसीता राज्य ब्यवस्था एक महत्वपूर्ण उपलब्धीको रुपमा स्थापित भएको छ । २०७२ असोज ३ गते नयाँ संविधान प्राप्त गर्‍यौ । त्यहि संविधानमा आधारीत रहि नेपालमा ७७ वटा जिल्ला, २७३ नगरपालिक, ४६० गाउँपालिका र ६७४३ वडाहरुको संरचना निर्माण हुन पुग्यो । यसरी संघ, प्रदेश, र स्थानिय तह गरि तीन तहको सरकारको संबैधानिक अवधारणा अनुसार निर्वाचन सम्पन्न भई जननिर्वाचित जनप्रतिनिधी सहित तिनै तहको सरकारद्धारा जनतालाई सेवा प्रदान गर्ने कार्य तीव्र दंङ्गले अघि बढिरहेको छ ।

सुनछहरी गाउँपालिकामा २०७४ असार १४ गते स्थानिय तहको निर्वाचनद्धारा निर्वाचित जनप्रतिनिधीहरु अषाढ १९ गते औपचारीक पदभार ग्रहण गरि जनताको सेवा प्रवाह गरेको ठिक एक



सुनछहरी गाउँपालिका

वर्ष पुरा भएको सगौरव जानकारी गर्दछु । नेपालमा लामो समय सम्मको जनप्रतिनिधी विहिन अवस्थाबाट गुज्रदै अगाडी वढिरहेको स्थितिलाई क्रमभङ्ग गरी जनप्रतिनिधी सहित आम जनतामा आशा, भरोसा र विश्वास जागेको छ भने हामि जनप्रतिनिधीहरुको लागि नयाँ परिवेश अनुसार अगाडी बढ्न निकै चुनौती पूर्ण र सम्बेदनशिल बन्न पुग्यो । यद्यपी ठुलै हिम्मतका साथ चुनौतिहरुको सामाना गर्दै अहोरात्र जनताको सेवामा तत्पर रहदा जनताका विश्वास जित्दै सफलताको शिखर चढ्न सफल भयौ । चुनौति पूर्ण एक वर्षको अवधीमा जनताको सेवामा अहोरात्र खट्नुहुने जनप्रतिधिधी ज्यूहरु, सच्चा राष्ट्र सेवक कर्मचारी मित्रहरु सबैमा विशेष धन्यवाद दिन चाहन्छु । हाम्रो अभियानमा सहयोग गर्नु हुने सम्पूर्ण राजनितिक दलका नेतृत्व साथीहरु नागरीक समाज, बुद्धिजिवी वर्ग आम जनसमुहदायहरुलाई यो सम्मानित गाउँ सभाको अवसरमा हृदय देखि खुशिका साथ धन्यवाद दिन चाहन्छु ।

## बस्तुगत र आात्मगत स्थिती बारेः-

यो सुनछहरी गाउँपालिका रोल्पा जिल्लाको १० वटा गाउँ/नगर मध्य एक हो । यसको नक्सा पुतली आकारको छ । ७ वटा वडाले यो गाउँपालिका बनेको छ । यसको उत्तर पश्चिममा बाग्लुङ र प्यूठान, दक्षिण पश्चिममा लुङग्री गाउँपालिका, पश्चिम र दक्षिणमा सुनिल स्मृति गाउँपालिका, पश्चिममा रोल्पा नगरपालिका र उत्तरमा थबाङ गाउँपालिका संग सिमाना जोडिएको छ ।

यस गाउँपालिकाको घर धुरी ३,२८६ रहेको छ । यहाँको जनसंख्या १९,०५४ रहेको छ । जसमा पुरुष ९,४५३ महिला ९,६०१ रहेको छ । जातिगत बसोबासमा जनजाति १०,७२५, दलित ३,६०५, क्षेत्री ४,२५० रहेका छन् । भाषागत रुपमा ६६ प्रतिशत मगर खामभाषा, ३३.५ प्रतिशत खसान नेपाली भाषा बोल्ने गर्दछन् । यो गाउँपालिका भौगलिक रुपमा अत्यन्तै बिकट र बिकेन्द्रित बस्ती विकासको रुपमा रहेको छ । यहाँ विषम प्रकारको हावापानी रहेको छ भने यहाँका बासिन्दाहरुको मुख्य पेशा कृषि नै रहेको छ । यहाँ जडिबुटी, जलश्रोत, पशुपालन, खानी प्राकृतिक सम्पदाको हिसावले प्रचुर संभावना बोकेको गाउँपालिका हो । यहाँको मुख्य परिचय भनेको कठोर परिश्रम गर्ने इमान्दारी र एकता नै हो । सम्पूर्ण सुचकांकको हिसाबले यो गाउँपालिका सबैभन्दा पछि छ ।

एक दशक सम्म राजनितिक सत्ता परिवर्तनको लागि सञ्चालित राजननितिक युद्धको अभियान थियो भने यतिवेला सामाजिक विकास र निर्माणको अभियानमा छौं । यसै क्रममा यस गाँपालिकामा क्रमश विकासको गति अगाडी बढेको छ । विगतको तुलनामा धेरै विकास भएको छ यद्धपि पर्याप्त छैन । प्राय सबै वडा सम्म मोटर बाटोले छोएको छ । स्वास्थ्यको क्षेत्रमा आवश्यक जनशक्ति र औषधीको आपुर्ति भएको छ । विभिन्न संघ संस्था नेपाल सरकार आम जनपरिचालनले विकासको ढोकालाई खोल्दैछ । शुद्ध खानेपानीको पहुँचमा सबैलाई ल्याउने काम भईरहको छ । अधिकौंश ठाँउमा संचारको पहुँच पुग्दै छ खाली यसको प्रभावकारीतालई बढाउन जरुरी छ । केन्द्रिय लाईन बिस्तार लघुलविद्युत उत्पादन र सौर्यउर्जा द्धारा अन्धकार वस्तीहरु क्रमस उज्यालो हुदैछन् । तुलनात्मक रुपले बस्तुगत र

आन्त्मगत स्थितिको सहि पहिचान र परिचालन गरी समृद्धि र शुखद गाउँपालिकाको दिशामा अघि बढ्नु हाम्रो आजको अनिवार्य दायित्व बन्न पुगेको छ ।

## आर्थिक वर्ष ०७४/०७५ को समिक्षा:-

हाम्रो विगतलाई गहिरो समिक्षा गरी इतिहासबाट पाठ सिक्दै अघि बढुनु आजको बस्तुगत आवश्यक्ता हो विगत समिक्षाको शिक्षा लिएर सुन्दर भविष्य तिर अगाडी बढ्नु हाम्रो सामु यक्ष प्रश्न बनेको छ । यसरी हेर्दा आ.व.०७४।०७५मा हामिले संघिय सरकार विभिन्न गैर सरकारी संस्थाहरुबाट प्राप्त २७,९२,६८,७८६(सत्ताईस करोड बयानब्बे लाख अर्सठ्ठी हजार सात सय छयासी रुपैया) विनियोजन गरी कार्यन्वयन प्रकृयामा लगेका थियौं । यसलाई कार्यान्वयन गर्ने क्रममा आँसिक अन्जान वस उत्पादन समस्याहरुका वावजुद सन्तोष जनक ढंङ्गले सफलता हाँसिल गर्दै अगाडी बढ्यौं मुलतः निति निर्माण र जनता माझ कार्यन्वयन प्रकृयामा अगाडी बढ्दा जनप्रतिनिधीहरुको बैचारीक विविधता समामाजिक कामकार्यमा एकरुपता र आपसी एकता सौहार्द पूर्ण रह्यो राष्ट्रसेवक कमर्मचारीहरुको निस्वार्थ अभावका साथ अहोरात्र खटन पटन जनप्रतिनीधिहरु संगको गाडा सम्बन्ध आम जनसमुदायको अर्थ पूर्ण सहभागिताले हामि यस गाउँपालिकामा टिक्तता पूर्ण अन्तरविरोधबाट मुक्तभई सफलताको बाटोमा अघि बढ्न सफल भयौ । यद्धपी स्थानिय सरकार सञ्चालनको प्ररम्भ विन्दुमा भएकोले हाम्रो प्राप्त अनुभवबाट प्राप्त ज्ञानको अभाव केहि स्वभाव र प्रबृत्तिजन्य समस्याहरुबाट मुक्त भई समय सापेक्षित रुपान्तरणको अभाव जस्ता सिमा र समस्याहरु पक्कै पनि रह्यो । संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने कयौ  ऐन, कानुन, कार्यनिर्देशीकाको अभावमा कामकार्य गर्न र अगाडी बढ्न निकै कठिनाई भयो । दरबन्दीको आधारमा प्रर्याप्त कर्मचारी अभाव झेल्नु पर्‍यो । भौगोलिक बिकटता, यातायात, र संचारको असुविधाले केन्द्रिकृत परिचालनमा निकै समस्या भोग्यौ । हाम्रो आफ्नै ब्यवस्थीत संरचनाहरुको भाववमा सुव्यावस्थीत सेवा प्रवाहमा समस्या आयो । आम्रो सिमित श्रोत साधान र जनताको असिमित समस्याहरुको विच प्राथमिकिकरणको आधारमा तादम्यता मिलाई अघि बढ्नु निकै हम्मे हम्मे पर्‍यो । विकास निर्माणको कार्यमा केहि वडामा तानातानको वातावरण र केहि अन्य सदन्दर्भले मनो बैज्ञानिक दवावका विच पनि धैर्य र संयमता पूर्वक एक वर्षको गरिमामय अबधी विताएका छौ । यसरी प्रतिकुल स्थितिबाट हरेक विकासको कार्यलाई नमुना योग्य बनाएर अघि बढीरहेका छौ । विकेन्द्रित मनोभावनाहरुलाई गाउँपालिका स्तरमा एक हडले जोड्ने र ब्यवस्थापन गर्न सफल भयौ । शैक्षिक क्षेत्रलाई विभिन्न गतिविधीद्धारा घचघच्याउन सफल भयौ । विभिन्न तालिम र अभिमुखिकरणद्धारा लक्षित वर्गको क्षमता विकास गर्न सफल भयौ । आवश्यक्ताको आधारमा प्राथमिकीकरण गरी भौतिक पुर्वाधारको विकास कार्य पनि उत्तिके भएका छन् । भित्ते र तेवुल पात्रो प्रकाशन लगायत विभिन्न संचारमाध्यमबाट पनि हाम्रो गतिविधीहरुको प्रचारको हिसावले सन्तोषजनक नै रहेको छ । समग्रमा गाउँपालिका स्तरीय घरेलु र गाउँपालिकाको प्रोफाईल तयार गर्नु गाउँपालिकामा इन्टरनेट जडान गरी सम्पूर्ण सेवा ग्राहिहरुको कामलाई छिटो छरीटो सञ्चालन गर्नु समपूर्ण कर्मचारीहरुको बिद्युतिय हाजिरी प्रणालीको विकास गर्नु आफैमा महत्वपूर्ण पक्ष नै हो । यसलाई गर्वका



*सम्पर्क ठेगानाः सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ , रोल्पा,५ नं प्रदेश नेपाल*
*कार्यालयको फोन नं. ९७५८५०३६५३ Website:*www.sunchhaharimun.gov.np *Email* :sunchhaharimun@gmail.com

साथ स्वीकार्नै पर्छ  र यी उपलब्धीहरमा टेक्दै बाकी अभिारा पुरा गर्न नयाँ संकल्प हामिले लिनै पर्छ र आगामी हाम्रो निति तथा कार्यक्रम सोहि अनुरुप हुनै पर्छ ।

**निति तथा कर्यक्रमहरुः-**

हाम्रो जस्तो सम्पूर्ण क्षेत्रमा पछि परेको गाउँपालिकामा आर्थिक, स्वस्थ्य, शैक्षिक, साँस्कृतिक क्षेत्रलाई गम्भीरता पुर्वक उत्थान गरेर अगाडी बद्न जरुरी छ । हरेक वर्ग, क्षेत्र, जाती र लिङ्गको समवेशितालाई नमुना योग्य बनाएर जानु पर्ने छ । आत्मानिर्भर अर्थतन्त्र सु-सस्कृति र सभ्य समाज निर्माणमा हामिले जोड दिनै पर्छ । हामिले विकृति र विसंगति, अन्धविश्वास, जातियछुवाछुत रुढीवादी, , खर्चालु सस्कृतिको नियमन ब्यवस्थापन र अन्त्य गर्नै पर्ने छ ।

हाम्रो कठिन भौगोलिक विकटताको वावजुद पनि वडा नं. २ बाहेक सवै वडाहरुलाई कच्चि मोटरबटोले छोएको छ । यो खुशिको कुरा हो तर अवको चुनौति यसको संरक्षण र विकास गर्दै आधुनिक कृषि उत्पादन गरी निर्यात संग जोडिने हुने छ । संचार, बिद्युतीकरण, कृषिलाई आधुनिक औधोकिकरण र ब्यवसयिक बनाउने पनि अवको गर्ने मुख्य कामको रुपमा रहने छ । यसरी हेर्दा अवको हाम्रो प्राथमिकताको विषय एकनासले सर्वाङ्गिन विकासको हुने छ । अफ विषेश लगानी कृषि, स्वास्थ्य, शिक्षा लगाएतमा विना कन्जुस्याई गर्नु पर्छ । खानी, जलस्रोत, जडिबुटि वन सम्पदनालाई पनि हामिले समृद्धिको लगि परिचालन गर्नु पर्ने छ ।

हाम्रो निति तथा कार्यक्रम समय सापेक्षित बस्तुबादी, बैज्ञानिक, जनमुखि प्रगातिशिल र धरातलिकय यथार्थमा आधारीत हुनु पर्दछ । हाम्रो सिमित श्रोत साधन र असिमित जनआकांक्षा बिच उचित तालमेल सिहत परिणाम मुखि कार्यन्वयन गर्न नसकिने भास्ट नभई सहज हुनपर्छ भन्ने मान्यता राख्न चाहन्छु । यसरी आ.व.०७५।०७६को निति तथा कार्यक्रम प्रस्तुत गर्दा आर्थिक वर्ष ०७४।०७५को निति तथा कार्यक्रमको निरन्तरताको रुपमा ग्रहण गर्नु पर्ने छ भन्ने कुराको पनि विनम्रता पुर्वक जानकारी गर्दछु ।

**१) आर्थिक विकासः-**

- सुनछहरी गाउँपालिकाका जनताको आर्थिक स्तरलाई बृद्धि गर्न विभिन्न सिपमुलक तालिमको आयोजना गरी आगामी एक दशक भित्र एक ब्यक्ति एक ब्यवसायिक सिप, एक  व्यवसायिक सीप, एक लघुउद्यम सदस्यामा विकास गरिने छ ।
- आत्मनिर्भर आर्थिक विकासको लागि कृषि, पशुपालन र जडिबुट उत्पादनलाई बिषेश जोड्ने दिदै उत्पादित बस्तुलाई उद्योग संग जोडि उद्योगबाट उत्पादित बस्तुलाई बजार संग जोड्ने प्रयत्न गरिने छ ।

- ❖ कृषि उत्पादन र लघु उद्यामीलाई दिगो अनुदान दिने कार्यलाई प्रभावकारी व्यवस्थीत र व्यापाक गरिने छ ।

- ❖ गाउँपालिकालाई पहाडी कागजमा आत्मनिर्भर बनाउन जलजला, कोठी र कार्जङलाई केन्द्रमा राखी कागज उद्योग संचालन, ढुङ्गा कटिङ तालिम र उद्योग संचालनका लागि आवश्यक पहल गरिने छ ।

- ❖ पर्यटन सम्बन्धी विशेष अध्ययनका साथ छुट्टै प्रोफाईल तयार बनाई पर्यटन क्षेत्रलाई आर्थिक आधारको रुपमा विकास गरेर लगिने छ ।

- ❖ सुनछहरी झरणा, कोठिभिर, गोङबाङ युद्धस्थल, विबाङ दह, तिलाचन ताल, जेल्बाङको चौकी आक्रमण स्थल,जेल्वाङ्गको फलाम,सुन खानी, जलजला लगाएतका स्थानलाई धार्मिक, प्रकृतिक र युद्धपर्यटनलाई अन्तर सम्बन्धीत बनाई पर्यटन क्षेत्रलाई बिकास गरेर लगिने छ ।

- ❖ परम्परागत निर्वाह मुखि खेति प्रणालीलाई बैज्ञानिक र ब्यवसायिक खेति प्रणालीमा बदल्न बिशेष कार्यक्रम बनाएर लगिने छ ।

- ❖ गुरिल्ला ट्र्याक मगर होमस्ते जेल्बाङ र सुनछहरी झरणा होमस्ते स्यूरीलाई सञ्चालनमा जोड दिईने छ ।

- ❖ गाउँपालिकामा रहेका विद्यमान सहकारीलाई ब्यवस्थीत संचालनमा जोड दिदै आमजनतालाई सहकारी करणद्धारा समृद्धिको दिशामा अगाडी बढाएर लगिने छ ।

- ❖ मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रमलाई कृषि विकास र लघुउद्यम कार्यक्रम संग जोडेर प्रभावकारी बनाएर लगिने छ ।

## २) सामाजिक विकासः-

- ❖ अस्तब्यस्त र निरासा जनक रहेको क्षैशिक क्षेत्रलाई अभियानात्मक रुपले गुणात्मक सुधार गरिने छ ।

- ❖ स्वास्थ्यको पहुँचमा सबैलाई र पत्येकको महुँचमा स्वास्थ्य सेवालाई पुऱ्याउने योजना बानाई कार्यान्वयन गरिने छ ।

- ❖ खानेपानी तथा सरसफाईलाइ यस आर्थिक वर्ष ०७५।०७६मा पूर्ण सरसफाई आभियान संग जोडरे  प्रभावकारी ढंङ्गले लगिने छ ।

❖ सुनछहरी गाउँपालिकामा हरेकले आत्मा सम्मानका साथ बाँच्न पाउने बातावरण बनाईने छ । यहाँका जात जती र भाषा सस्कृतिको सम्मान ढंङ्गले संरक्षण र विकास गरिने छ ।

❖ अन्धविश्वास, रुदीबाद,जातिय छुवाछुट, विकृति विसंगति, छाडा र अश्लील संस्कृति, दण्दहिनता अराजक अशान्तिलाई अन्त्य गर्न सम्पूर्ण विधि प्रकृयाको प्रयोग सहित अभियान चलाईने छ ।

❖ मदिरापान, धुम्रपान, वालविवाह, हाम्रो समामाजिक प्रगतिको लागि असभ्य तरिकाले बिषालु काँधा वनेर क्यान्सर पिडित रोगी जस्तो वनाएकोले यस विरुद्ध अभियानात्मक रुपले छलफल चलाई कडाई पुर्वक नियमण र निषेध गरेर लागिने छ ।

❖ लैङ्गिक हिम्सा बिरुद्ध विभिन्न प्रभाकारी कार्यक्रमहरु बनाएर लगिने छ ।

❖ जेष्ठ नागरीक र अपाङ्गता भएका व्यक्तिहरुको विषयमा छुट्टै कार्यक्रम बनाएर अगाडी बनाईने छ ।

❖ हरेक कार्यक्रममा समानुपातिक र समावेशी सिद्धान्तलाई ब्यवहारतः कार्यान्वयन गरेर लगिने छ ।

❖ मुख्य मन्त्रि ग्रामिण बिासका कार्यक्रमलाई शिक्षा स्वास्थ्य क्षेत्रमा ब्वस्थीत कार्यन्वयन गरेर लगिने छ ।

## ३) पूर्वाधार विकास वारेः-

❖ पुर्वाधारको विकास विना कुनै पनि विकासको अनुभुति हुदैन तसर्थ जनताको प्रत्यक्ष सरोकार संग जोडिएका पूर्वाधार विकास कार्यक्रमलाई मुख्य प्राथमिकताका साथ अगाडी बढाईने छ ।

❖ सुनछहरी गाउँपालिकामा कच्ची मोटरबाटो १११.३ किलोमिटर निर्माण भईसकेको छ त्यसलाई नियमित सञ्चालनको लागि स्तरउन्नति गर्न आवश्यक पहल गरिने छ । साथै वडा देखि गाउँपालिका सम्म जोड्नेबाटोलाई द्रुत गतिमा निर्माण गरिने छ ।

❖ अन्तर प्रदेश, अन्तर जिल्ला र अन्तर गाउँपालिका जोड्ने बाटाहरुलार्य विशेष प्राथमिकताका साथ अगाडी बढाईने छ । अति आवश्यक परेको गाउँहरुलाई जोड्नेबाटोहरुलाई पनि प्राथमिकता दिईने छ ।

❖ हाल रहेका जिर्ण झोलोङ्गे पुलहरुको मर्मत संरक्षण गर्नुका साथै आवश्यक परेको स्थानहरुमा झोलोङ्गे पुल निर्माणका लागि आवश्यक पहल गरिने छ ।



सुनछहरी गाउँपालिका

- भैसाखाल खोला मोटरेवल पुल जेल्बाङ, गाजाखोला मोटरेवल पुल गाम, विमलेघात मोटरेवल पुल स्यूरी, प्रतापबादी मोटरबाटो पुल सेरम, तासिबाङ खोला मोटरेवल पुल फगाम, मोटरेवल पुल निर्माणको आवश्यक पहललाई अगाडी बढाईने छ ।

- मोटरबाटो र पुलहरुको समग्र रिपोर्ट(DPR) तयार गरिने छ ।

- सम्भावब्यता अध्ययन गरि कृषि उत्पादनलाई गुणात्मक बृद्धि गर्न सिंचाई कार्यक्रमलाई अगाडी बढाईने छ ।

- जेल्बाङ ठुलोगाउँ सिचाई आयोजना, सिर्वास सिचाई योजना जेल्बाङ, कुटबाङ सिचाई योजना जैमाकसला, भैबाङखर्क सिचाई योजना पोबाङ, सिपुभिर भ्रेम्बाङ सिचाई योजना सेरम, सरीखोला सिचाई योजना घुस्बाङ, बाछेखोला सिचाई योजना फुलिबन, हाम्बाङ सिचाई योजना फगाम, वनवा स्याल्बाङ खोला सिचाई योजना स्यूरी, भ्रिंजा खोला पिउला साकिना सिचाई योजना स्यूरी, आम्बाङ सिचाई योजना फगाम, ठुलागाउँ सिचाई योजना फगाम, जुरी खोला सिचाई योजना स्यरी, बाछापो नार्वाङ सिचाई योजना स्यूरी, भ्रिउरीबाङ सिचाई योजना फगाम, चिर्कबाङ सिचाई योजना, गोल्जाबाङ सिचाई योजना जेल्बाङ, भलबाङ बेसी सिचाई योजना फगाम, भुर्तिबाङ जिमपोबाङ चलाउने सिचाई योजना जेल्बाङ लगाएतका सिचाई योजनालाई उच्च प्राथमिकतामा राखेर पहल थालिने छ ।

- गाउँपलिकाको कार्यालय भवन, वडाका भवन निर्माण कार्यलाई जोड दिनुका साथै प्रत्येक वडामा शहिद स्मृति सभाहल निर्माण कार्यलाई निरन्तरता दिईने छ ।

- जलबिद्युत सम्बन्धी गाउँपालिकाले छुट्टै प्रोफाईल तयार गरेर सोही अनुसार बिद्युत उत्पादनलाई जोड दिईने छ ।

- फगाम हुदै जेल्बाङ सम्म, कसला हुदै सेरम सम्म र छहरेखुङ हुदै स्यूरी गाम सम्मको केन्द्रिय लाईन बिस्तार कार्यलाई तिव्रता दिईने छ ।

- साना लघु जलबिद्युत उत्पादन कार्यलाई पनि प्राथमिकताका साथ जोड दिईने छ ।

- विकट बस्तिहरुमा सौर्याउजाई पनि जोड दिईने छ ।

- सेरमको भिउडाँडा र गामको तमाके डाँडामा टेलिफोन सेवाको रिपिटर टावर निर्माणका लागि आवश्यक पहल कार्यलाई पूर्णता दिईने छ ।

- गाउँपालिका भरिका सरकारी कार्यालय, बिद्यालयहरुलाई इन्टरनेटको पहुँच भित्र पुऱ्याएर जनताको पहुँच सम्म बिस्तारको योजना बनाईने छ ।

**गाउँ सभा बाट पारित मिति :२०७५/०३/१०**



सुनछहरी गाउँपालिका

- ❖ बिद्यालय अस्पताल लगाएत भवनहरु पुलपुलेसा आन्तरीक र वाह्यि श्रोत परिचालन गरि निर्माण कार्यलाई जोड दिईने छ ।

## ४) वन वातावरण तथा विपद ब्यवस्थापन वारेः-

- ❖ हरियाली सुनछहरी गाउँपालिका बनाउन भएका वनजङ्गलको उचित संरक्षण ब्यवस्थापन गर्नुका साथै नरसरी उत्पादन गरी नाङ्गो डाँडा पाखाहरुमा बृक्षारोपण गरिने छ ।
- ❖ संकटा सन्नता तयार पारी सोही खनुसार विपद ब्यवस्थापनको कार्ययोजना बनाईने छ ।
- ❖ मावनद्धारा गरिने बन विनासले गर्दा भु-क्षय डरलाग्दो भई रहेको फुलिबन पहरो, फगाम पहिरो, कसला पहिरो, पाङबाङ, बाङनाङ पहिरो, बाहिरी गाम फिडि पहिरो खिबाङ पहिरो, झकि पहिरो नियन्त्रणको लागि पहल गरिने छ ।
- ❖ मानविय गतिवधीद्धारा जलवायु परिर्वतनमा देखिएको असर र जलवायु परिवर्तनले परिरहेको बातावरणिय असरलाई लिएर ब्यापक जनचेतनाको विकास गर्ने कार्यक्रम अगाडी बढाईने छ ।
- ❖ विपद ब्यवस्थापन समितिहरुलाई प्रभावकारी र ब्यवस्थीत ढङ्गले परिचालन गरिने छ।
- ❖ फोहोर मैलाई मानव स्वास्थ्य र सभ्यता संग जोडेर अभियानात्मक रुपमा नियन्त्रण गरेर लगिने छ ।

## ५) शुसासन तथा संस्थागत विकास बारेः-

- ❖ सुनछहरी गाउँपालिकालाई सुशासन युक्त गाउँपालिका बनाईने छ ।
- ❖ सक्षम जनप्रतिनिधी र कर्मचारीहरुबाट मात्र सुन्दर समृद्ध सुनछहरी गाउँपालिकाको परिकल्पना गर्न सकिन्छ  तसर्थ नियमित तालिम र स्कुलिङको ब्यवस्था गरिने छ ।
- ❖ लक्षित वर्ग (**युवा, दलित, महिला, जनजाति, बालबालिका**) आदिको गाउँपालिका स्तरीय समन्वय समितिहरु गठन गरी विभन्न तालिमद्धारा सक्षम नेतृत्व विकास सहित समाज परिवर्तनको अभियानमा प्रभावकारी परिचालन गरिने छ ।
- ❖ जनप्रतिनिधी, राष्ट्र सेवक कर्मचारी सेवा प्रवाहको क्रममा जनमुखि जीवन शैली, कार्यशैली र जनाप्रति उत्तरदायित्वलाई थप विकसित गरिने छ ।
- ❖ हरेक नागरीक मानव अधिकारको हक, हरेक सुचनाबाट सुसुचित हुने हक, प्रेस स्वतन्त्रता वाक स्वतन्त्रता जन्मसिद्ध प्रयोग गर्न पाउने अधिकारको सुनिश्चितताको लागि भरपुर पहल गरिने छ ।



सुनछहरी गाउँपालिका

- जनता र गाउँपालिका विच सुमधुर अन्तर सम्बन्ध र लोकतान्त्रिक अभ्यासको लागि आ.व. ०७४।०७५ को ***"जनता संग गाउँपालिका"*** (**सार्वजनिक सुनावाई**) कार्यक्रमलाई निरन्तरता दिईने छ ।

- सुनछहरी गापालिकालाई शान्ति र प्रगतिको गाउँपालिका वनाउन भय मुक्त वातावरण सृजनामा पहल गरिने छ ।

- हरेक कामकार्यमा निति र विधि सम्मतढंङ्गले अगाडी बढ्ने बातावरण तयार पारिने छ । कुनै पनि भ्रष्टाचार मुक्ति गाउँपालिका बनाउनमा जोड दिईने छ ।

- हरेक सेवा प्रवाहमा विद्युतिय सुचना प्रविधिको प्रयोग गर्न आवश्यक पहल गरिने छ ।

- गाउँपालिकाको हरेक गगिविधी सुचना आम जनता सम्म पुऱ्याउन सञ्चारमाध्यमलाइ प्रभावकारी ढंङ्गले परिचालन गरिने छ । त्यस अलावा गाउँपालिका बुलेटिन, नागरिक वडा वत्र विभिन्न व्रोसरहरु मार्फत जानकारी गरिने छ ।

- गाउँपकिाल बैठकको निर्णय प्रबक्ता र सुचना अधिकारीको समन्वयमा १२ घण्टा भित्र वेवईटमा आधिकारीक जानकारी गरिने छ ।

- हरेक नागरिकले राज्यप्रतिको दायित्व वोध गर्न राजस्वको दायराभित्र आउने कुरालाई स्थापित गर्दै एकिकृत सम्पतीकरलाई अभियानात्मक रुपमा कार्यान्वयन गरिने छ ।

- हरेक विकास निर्माण कार्यलाई जनमुखि, गुणस्तर र दिगोपन ल्याउन अनुगमन मुल्याङ्कनलाई प्रभावकारी ढंङ्गले अगाडी बढाईने छ ।

- समाज निर्माणको महा अभियानलाई सफल पार्न विभिन्न गैर सरकारी संस्थाहरु संग हातेमालो गरेर आगामी बढिने छ ।

सुनछहरी गाउँपालिका

**आश बहादुर पुन**
**गाउँपालिका अध्यक्ष**
**सुनछहरी गाउँपालिकाको कार्यालय**
**पोबाङ, रोल्पा**

**गाउँ सभा बाट पारित मिति :२०७५/०३/१०**